# डोजर (Heavy Duty Excavator) संचालन कार्यविधि,

# २०७५

| | |
|---|---|
| स्वीकृत मिति | |

सुनकोशी गाउँपालिका

पांग्रेटार, सिन्धुपाल्चोक

३ नं. प्रदेश

प्रमाणिकरण
०७५/०८/१६

# सुनकोशी गाउँपालिका

## डोजर / Heavy Duty Excavator

## संञ्चालन सम्बन्धि

## निर्देशिका

## २०७५

सुनकोशी गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको पुर्वी क्षेत्रमा अवस्थित एक पहाडी गाउँपालिका हो । यो गाउँपालिका साविकका ७ वटा गाबिसहरु क्रमश ठोर्कपा, कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङग्रेटार मिलेर बनेको छ । यो गाउँपालिका अरनीको राजमार्गको पारी पर्ने भएकाले राजमार्ग नजिक भएर पनि एउटा दुर्गम क्षेत्र जस्तै बन्न पुगेको छ । यस गाउँपालिकाको भौगोलिक अवस्था हेर्नु पर्दा सम्पुर्ण भुभाग पहाडले बनेको छ । त्यसकारण यस गाउँपालिकाका सबै क्षेत्रमा मोटर बाटो सम्म पनि जोडिएको छैन । यसलाई मध्यनजर गर्दै यस गाउँपालिकाले Heavy Duty Excavator न. बा ३ क १९०८ खरिद गरेको छ । उक्त डोजर संचालन तथा व्यवस्थापनका लागि यो निर्देशिका जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम डोजर संचालन निर्देशिका २०७५ रहेको छ ।

१.२ यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकले पारीत भएको मिति देखि लागु हुने छ ।

१.३ यो निर्देशिका सुनकोशी गाउँपालिका भित्र र गाउँपालिका बाहिर समेत सम्झौता गरी योजनाको काममा प्रयोग गर्न सकि छ ।

### २. परिभाषा

२.१ "गा.पा" भन्नाले सुनकोशी गाउँपालिका सम्झनु पर्दछ ।

२.२ "डोजर संचालन निर्देशिका" भन्नाले सुनकोशी गाउँपालिका मातहतका KOMATSU कम्पनिको Heavy Duty Excavator न. बा ३ क १९०८ को Heavy Duty Excavator लाई सम्झनु पर्छ ।

२.३ "चालक र सहचालक" भन्नाले सुनकोशी गाउँपालिका मातहतका KOMATSU कम्पनिको बा ३ क १९०८ को चालक र सहचालक लाई सम्झनु पर्छ ।

प्रमाणित
०८/०६/१५

२.४ “निर्माण कार्य” भन्नाले सुनकोशी गाउँपालिका क्षेत्र भित्रको सडकको निर्माण, स्तान्नती लगायतको ढुँगा माटो खन्ने तथा सम्याउने कार्यलाई सम्झनु पर्छ ।

२.५ “डोजर को भाडा” भन्नाले गाउँपालिका स्तरको आफ्नो योजना लगाएत गाउँपालिका भन्दा बाहिर पनि निजी तथा सार्वजनिक काममा प्रयोग गर्न सकिने छ । सडक लगाएत घर घडेरी खार्ने सम्याउने, खेलकुद मैदान बनाउने कामका लागि पनि भाडामा दिइ संचालन गर्न सकिने छ । यसरी भाडामा कोही कसैलाई डोजर प्रयोग गर्न दिए बापत गा.पा र मागकर्ता बिच दुई पक्षिय सम्झौता गरी संचालन गरिने छ । यसरी डोजर संचालन गर्दा प्राप्त हुने रकमलाई डोजर भाडा र गाउँपालिकाको आन्तरिक स्रोतमा जम्मा हुनेछ भनि बुझनु पर्दछ ।

२.६ “डोजर संचालन कोष” भन्नाले गाउँपालिकाले संचालन गर्ने हरेक योजना बाट पाचँ प्रतिशत रकम र गाउँपालिकाको आफ्नो योजना भन्दा बाह्यका योजनामा काम गरे बापत प्राप्त हुने रकम समेत साधन को मर्मत सम्भार तथा चालक सहचालकको घाउँ चोटपटक उपचार गर्न र क्षमता अनुसार यस्ता सेवामुखी साधन खरिद समेतमा यो कोषको प्रयोग हुने छ । जसलाई डोजर संचालन कोष भनिने छ ।

३. **डोजर संचालन प्रकिया**

३.१ यस गाउँपालिका भित्र निर्माण हुने सडक लगायतको निर्माण कार्यका लागी गाउँपालिका स्वयमले खरिद गरि एक डोजर संचालन गर्ने छ ।

३.२ भौतिक निर्माणमा प्रयोग हुने डोजर संचालन तथा व्यवथापनका लागि गाउँ कार्यपालिका सदस्यहरु मध्य बाट प्राविधिक सहित पाचँ जना सदसिय एक संचालन समिति गठन गरिने छ । यो समितिले समस्याको प्रकृति हेरेर प्राकृतिक प्रकोप जस्तो कार्यमा आकश्मिक सेवा तत्काल उपलब्ध गराउन सक्ने छ । यस्तो सेवाका लागि गा.पा. को बिना स्विकृति पछि अनुमोदन गराउने गरि प्रयोग गर्न सक्ने छ ।

३.३ डोजरको प्रयोग गर्दा हुन सक्ने क्षतिलाइ मध्यनजर गरेर सो यन्त्रको मर्मत सम्भारमा र उक्त कार्यमा संलग्न चालक तथा सहचालकलाई लाग्न सक्ने घाउँ चोटपटक को उपचार तथा सो यन्त्र संचालनको क्रममा दिवंगत समेत हुन सक्ने कुरा समेत लाई मध्य नजर गरि चालकको परिवारलाई उपलब्ध गराउने राहत सहयोग लागि समेत यो कोषको प्रयोग हुने छ ।

३.४ डोजर आफ्नो गाउँपालिका कामको अलवा अरुनै व्यक्ति वा निर्माण कम्पनी लाई भाडामा दिदा एक आपस मा सम्झौता गरेर मात्र उपलब्ध गराउनु पर्नेछ । अरु लाइ भाडा मा दिनु परेमा गा.पा को पुर्व स्विकृति लिएर वा अनुमोदन गराउने गरि संचालन समिति ले दिन सक्ने छ । यस्तो अवस्था मा भने इन्धन को व्यवस्था स्वयम योजना संचालकले गर्नु पर्दछ । चालक को दैनिक भत्ता को व्यवस्था पनि योजना संचालकले गर्नु पर्दछ ।

प्रमाणिकरण
[signature] २०७८।०८।१६

३.५ गा.पा बाहेक अन्य व्यक्ति वा कम्पनी लाइ भाडामा दिदा बिग्रियमा सामान्यतया गा.पा ले व्यहोर्नु पर्ने छ ।

३.६. मर्मत सम्भारको सम्पुर्ण काम सेवा कोष बाट गरिने छ ।

**४. चालकको सेवा सुविधा सम्बन्धी व्यवस्था**

४.१. चालकको तत्कालका लागि करारमा नियुक्त गरिने छ र आवश्यक्ताका आधारमा म्याद थप गर्न सकिने छ ।

४.२ Heavy Duty Excavator चालकले उक्त साधन संचालकलाइ माशिक तलब भत्ता गा.पा. ले आर्थिक ऐनको सिमा भित्र रहि आपसी समजदारी मा तय गर्नेछ ।

४.३ गा.पा. को आन्तरिक कामको अलवा भाडामा दियर काम गराउदाको अवस्थामा पाउदाको दैनिक भत्ता बापत को रकम आपसी समजदारी तय गरी योजना संचालकले उपलब्ध गराउनु पर्नेछ ।

४.४ Heavy Duty Excavator चालकको सेवा सुविधा समयानुकुल आपसी समजदारी परिमार्जन गर्न सकिने छ ।

४.५ विशेष अवस्था उत्पन्न भै चालक को नियमित रुपमा गाडी चलाउन असमर्थ भयमा निश्चित समयको लागी अन्य चालकको व्यबस्था गर्नु पर्दछ ।

**५. डोजर को भाडादरको व्यवस्था**

५.१ गा.पा.ले भाडामा डोजर संचालन गर्न दिदा प्रतिघण्टा रु.१८००/- (एक हजार आठ सय मात्र) भाडादर लाइ आधार बनाउने छ ।

५.२ डोजर को व्यवसायिक प्रयोजन बाट प्राप्त हुने रकम डोजर कोषको खाता संचालन गर्ने छ ।

**६. बिमा सम्बन्धी व्यवस्था**

६.१ डोजर संचालनका लागि चालक सहचालक र अन्य कुनै तेश्रो व्यक्तिमा पर्न सक्ने दुर्घटना लाइ मध्य नजर गरेर गा.पा. ले बिमाको व्यवस्था गर्ने छ । सम्भाबित घट्ना पस्चातको क्षतिपूर्ति बिमामा व्यवस्था गरे अनुसार मात्र हुने छ ।

६.२ डोजर चालकको बिमा गरेको कुरा चालक र उपभोगकर्ता लाई जानकारी गराउनु पर्ने छ ।

प्रमाणिकरण

८५।०६।१६

७. **बाधा अड्काउ फुकाउ**

७.१ डोजर संचालनका क्रममा बाधा अड्काउ उत्पन्न भएमा गाउँपालिकाले डोजर सञ्चालन निर्देशिका, गाउँ कार्यपालिका सञ्चालक समितिसँगको परामर्शमा आवश्यक संसोधन गर्न सक्नेछ ।